म.प.बै.सं. ९।०८२

**संवत् २०८२ साल श्रावण ६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः  मधेश प्रदेशका आठै वटा जिल्लाहरुमा सुख्खाका कारण खानेपानी, सिँचाई तथा कृषि क्षेत्रमा विपद्को अवस्था सिर्जना भएकोले मधेश प्रदेशभर संकटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः  प्रदेश नीति तथा योजना आयोग , मधेश प्रदेशका माननीय सदस्य श्री राजकुमार सिंहज्यूलाई आगामी ८ अगष्ट, २०२५ (वि. सं. २०८२।०४।२३) मा कतारको दोहामा आयोजना हुने प्रवासी कुशवाहा कल्याण समाज ,दोहा, कतारको लवकुश जयन्ती तथा तेस्रो अधिवेशनको समुद्घाटन कार्यक्रममा सहभागी हुन प्रदेश सरकारलाई कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ को दफा १८(१) बमोजिम वैदेशिक भ्रमणको लागि पूर्व स्वीकृति प्रदान गर्ने।

३. भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालयः"जीवनाशक विषादी विक्रेता इजाजतपत्र नविकरण निर्देशिका (पहिलो संसोधन), २०८२" को मस्यौदा स्वीकृत गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः "रामजानकी बहुउद्देशीय रंगशाला" निर्माणको लागि कुल लागत नौ अर्ब पच्चीस करोड मध्ये प्रथम चरणको कामको लागि दुई अर्ब बाउन्न करोड अर्सठ्ठी लाख रकम भारत सरकारबाट अनुदान सहयोग प्राप्तिको लागि प्रकृया अघि बढाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

५. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०१।२३ को निर्णयानुसार बढुवा नियुक्ति हुनुभएका सेवा ईन्जिनियरिङ्ग, समूह सिभिल, उपसमूह जनरल, अधिकृत नवौं तह, सि.डि.ई. पदका श्री विजय कुमार यादव (क.स.नं. १८८५३७) लाई पूर्वाधार विकास कार्यालय, सर्लाहीमा पदस्थापन गर्ने।